# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।२४ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

श्री प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज काठमाडौंमा कार्यरत प्रहरी हवल्दार सन्जीव विक्रम शाहले नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी बढुवा भएकाले निजको प्रमाण-पत्र छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले प्रहरी जवान पदबाट प्रहरी हवल्दार पदमा बढुवा हुन आवश्यक नै नभएको माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश अन्तरगतको M.G INTER COLLEGE GORAKHPUR, भारतबाट इन्टरमिडिएट तह उत्तिर्ण गरेको भनिएको प्रमाण-पत्र पेश गरी पछाडी आफ्नो नोकरीलाई वल पुग्ने र मौका प्राप्त हुँदा त्यसबाट लाभ लिने उद्देश्यले उक्त प्रमाण-पत्र पेश गरेको देखिन आएबाट निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता